# पटेर्वा सुगौली गाउँपालिका

छैठो गाउँ सभामा श्री ममता महतो द्धारा प्रस्तुत

आ.ब.२०७८।०७९ को

# बार्षिक नीति तथा कार्यक्रम

२४ असार २०७८

पटेर्वा सुगौली गाउँपालिका

प्रदेश नं.२ नेपाल

"कृषि पर्यटन हरियाली वन, समृद्ध पटेर्वा सुगौलीको खुशियाली मन"

**आ.ब.२०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम**

पटेर्वा सुगौली गाउँपालिकाको अध्यक्ष ज्यु ।

वडा अध्यक्ष ज्युहरु, कार्यपालिका तथा गाउँसभाका सदस्य ज्युहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु, सुरक्षा निकायका प्रतिनिधिहरु दलका पार्टी प्रतिनिधि ज्युहरु,पत्रकार मित्रहरु तथा उपस्थित सम्मपूर्ण महानुभावहरु,

यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक बर्ष २०७८।०७९ बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशी महशुस गरेको छु ।यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता तथा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु । साथ साथै राजनैतिक,सामाजिक र आर्थिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण अग्रजहरु प्रति आदर भाव प्रकट गर्दछु ।

पटेर्वा सुगौली गाउँपालिका लोकतन्त्रका आधारभुत मूल्य मान्यता,बहुलबादी खुला समाज,मानव अधिकार,सामाजिक न्याय,सहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासन प्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा गाउँपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा भएको परिवर्तनको अनुभूति सबै पटेर्वा सुगौली बासीले गर्न सकुन भन्नेमा हामीहरु अत्यन्त सचेत छौ ।

महामारीको रुपमा बिश्वमा फैलि रहेको कोरोना भाईरस–१९ को संक्रमणबाट मानव जाति माथि अकल्पनीय संकट आई परेको छ । कोभिड –१९ को संक्रमणबाट हाम्रो पटेर्वा सुगौली गाउँपालिका पनि अछुत रहन सक्नेन । आजको मिति सम्म त्यति ठूलो मानवीय क्षति नभए पनि कोभिड –१९ को कारणले पटेर्वा सुगौली बासीको जीवन निकै कष्टकर भएको छ । कोरोना भाईरस महामारीको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि पटेर्वा सुगौली गाउँपालिकाले आफनो श्रोत साधन र क्षमताको भरपुर उपयोग गर्दै आई रहेको छ । यस बिषम परिस्थितिमा पटेर्वा सुगौली गाउँपालिकाका सबै राजनितिक दल,निजी क्षेत्र,नागरिक समाज,संचारजगत,सुरक्षा निकाय र पटेर्वा सुगौली गाउँपालिकाका शुभ चिन्तक सबैको साथ र सहयोगको अपेक्षा गरेका छौ ।

गरिमामय सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

आर्थिक बर्ष २०७८।०७९ को नीति तथा कार्यक्रमको लक्ष्य " ***कृषि, पर्यटन हरियाली वन, समृद्ध पटेर्वा सुगौलीको खुशीयाली मन*** " रहेको छ । यो नीति तथा कार्यक्रम संघियताको कार्यावन्यन संगै सिंहदरबारको अधिकार जनताको बिचमा पुर्याउन कोशेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ ।

उपस्थित महानुभावहरु,

अब म यस गाउँपालिकाको आ.ब.२०७८।०७९ को आर्थिक विकास तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**कृषि तथा पशु विकास**

- कृषि उत्पादनमा विविधिकरण र ब्यवसायिकिकरण जोड दिदैं खाद्यान्न बाली, मौसमी तथा बेमौसमी तरकारीहरु,फलफुल तथा नगदे बालीको खेती जस्ता आयमुलक खेती कार्यक्रमलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।
- खाद्यान्न बाली अन्तर्गत धान तथा गहुको उन्नत जातका बिउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराउनका शाथै तरकारीको उन्नतजात बीउ समेत उपलब्ध गराईने छ ।
- कृषि उपज बढाउन जथाभावी विषादीको प्रयोगबाट माटोको उत्पादकत्व क्षमतामा नकारात्मक प्रभाव परिरहेको सन्दर्भमा गाउपालिका सवै क्षेत्रमा माटो परिक्षण, विषादी नियन्त्रण र अर्गानिक गाउपालिका घोषणाको दिशा तर्फ ठोस पहल कदमिहरु चालीने छ ।
- माटोको उर्वराशक्ति कायम राख्न हरियो मल, कम्पोष्ट मल, भकारो सुधार तथा जैविक मल प्रयोगमा जोड दिइनेछ । ग्रामीण क्षेत्रमा युवा कृषि श्रमिकहरुको कमीले उत्पादनमा पर्न गएको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न कृषि यान्त्रिकीकरण कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइने छ । उन्नत जातका पशुपालन विधी भित्राई दुध उत्पादनमा आत्मनिर्भर भई अन्य ठाउमा निर्यात गर्न सकिने छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका अब्बल कृषकहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रभित्रको कृषि योग्य जमिनको पहिचान गरी व्यवसायिक खेतीको रुपमा एक वडा एक उत्पादन तथा एक गाउँ एक वाली कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागी कृषि विशेषज्ञको संयोजकत्वमा संम्भाव्यता अध्ययन गर्न र सिफारिस गर्न एक समिति बनाईने छ । यसरी सञ्चालित कार्यक्रममा गाउँपालिकाले सक्दो लगानी गर्नेछ ।
- पशु खोप कार्यक्रम, पशु गोठ व्यवस्थापन, पशु आहरा जस्ता कार्यक्रम पशुपंक्षी विकास शाखाको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका कृषि व्यापारिक केन्द्रलाई व्यवस्थित गरिनेछ ।
- कृषि उपज संकलन केन्द्रको व्यवस्थापन तथा संचालनका लागि पहल गरिने छ ।
- कृषिमा पकेट क्षेत्र बनाउने व्यवस्था गरिनेछ ।

**उधोग , बाणिज्य तथा आर्थिक विकास**

- स्थानीय शिप र श्रममा आधारित उधोगलाई वातावरण मैत्री उधमको विकास तर्फ प्रोत्साहन गरिने छ ।
- आय आर्जन वृद्धिको लागि सिप विकास तालीमको अवसर जुटाई उद्दमशीलता विकासमा जोड दिइनेछ ।
- कोभिड १९ पहिलो थप रणनीति र कार्ययोजना त्यार गरी क्षेत्रगत बिषेश कार्यक्रम सञ्चालन गरिनेछ । महामारीका कारण रोजगारी गुमाएका श्रमिक,साना किशान, असहाय व्यक्ति गरिब तथा विपन्न बर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य ,शिक्षा शिप विकास र रोजगारी एवं आय आर्जन सम्बन्धि विशेष कार्यक्रम संचालन गरिने छ ।
- कोभिड-१९ को दोस्रो लहरको महामारीको कारण रोजगारी गुमाएका तथा विदेशबाट फर्केका श्रमीक र यस गाउँपालिकाको रोजगार सेवा केन्द्र अन्तर्गत EMIS मा सुचिकृत विपन्न वर्गका बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमद्वारा शिपमुलक तालिम र रोजगारी उपलब्ध गराइनेछ ।
- गाउँपालिका भित्र रहेका थोक तथा खुद्रा पसलहरुमा बस्तुको मुल्य सूची अनिवार्य रुपमा राखिने ब्यवस्था मिलाउन पहल गरिने छ ।

- लघु उद्यम विकासलाई प्रोत्साहन गर्दै स्व रोजगारको ब्यवस्था मिलाउन र स्थानीय बैंक संग ऋण उलब्ध गराउन समन्वय गर्ने पहल गरिने छ ।
- घरेलु मदिरालाई अनुमति दिई करको दायरामा ल्याउने छ ।

**पर्यटन**

- यस गाउँपालिका क्षेत्र भित्र रहेका दुग्द्धेश्वरनाथ , महादेव भाथा, गादी माई, भुमरीमाई बनसप्ती माई लगायतका क्षेत्रलाई धार्मिक पर्यटकिय क्षेत्रको रुप विकास गरी पर्यटकको आगवनमा वृद्धि गरिनेछ ।

**सामाजिक विकास**

**शिक्षा तर्फ**

- विधालयमा विधार्थी ल्याऔं र पठाईमा टिकाऔं साथै शिक्षा पश्चात पछि बिकाउ कार्यक्रमलाई थप प्रभावकारी बनाई सबै विधार्थीले कम्तीमा माध्यमिक तह पूरा गर्ने व्यवस्था मिलाईने छ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विधालयको भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ पठनपाठनको वातावरणलाई सहज बनाइनेछ ।
- आधारभूत विद्यालयलाई कक्षा नौको लागि दर्ता दिने वातावरण बनाइने छ ।
- शिक्षकहरुलाई शिक्षण सिकाइका निमित शिक्षण तालिम प्रदान गर्ने निति ल्याउने छ ।
- विषयगत शिक्षक व्यवस्थापन गर्ने योजना ल्याउने छौ ।
- सामुदायिक विधालयको पठन पाठनलाई गुणस्तरीय बनाउन स्थानीय राजनैतिक दल, बिधालय ब्यवस्थापन समिति, शिक्षक, अभिभावक र बिधार्थी विच छलफल र हार्दिकताको वातावरण सृजना गर्न अभिप्रेरित गरिने छ ।
- साथै प्रवेशिका परिक्षामा उत्कृष्ट हुने सामुदायिक विधालयका छात्र छात्रालाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- विधालयमा पढ्ने छात्राहरुलाई सहज होस तथा भर्ना संख्या वृद्धिका लागी विभिन्न छात्रवृत्ति दिई प्रोत्साहन गरिनेछ ।
- यस क्षेत्र भित्र रहेका विद्यालयहरुमा क्रमश कक्षा १ देखि अंग्रेजी माध्यमद्धारा कक्षा संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- विद्यालय उमेर समूहमा रहेका विद्यार्थीहरुको पहिचान गरि विद्यालय भित्र्याउन प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- छात्राहरुले विद्यालयमा पढ्ने वातावरण सृजना गर्नका निमित्त विशेष किसिमका नेतृत्व विकास कार्यक्रम तथा विभिन्न पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण विधालयहरुमा सूचना प्रविधिको पहुँच विकास गर्न सम्पूर्ण विधालयमा इन्टरनेट सुबिधा बिस्तरको कार्य प्रारम्भ गरिने छ ।
- विधालयको भौतिक संरचनालाई भूकम्प प्रतिरोधी, अपéमैत्री,बाल मैत्री बनाउने नीति लिने छ ।
- IEMIS मा सम्पूर्ण विधालयहरुको पहुच बृद्धि गरी तथ्यांक व्यवस्थित गराउने कार्यलाई निरन्तर र नियमित रुपमा अध्यावधि गराईने छ ।
- प्राविधिक शिक्षामा जोड दिने छौ ।
- सामुदायिक पुतकालयको स्थापना गरिनेछ ।

- त्रिपालिका बहुमुखी क्यामप्सको भौतिक पूर्वाधार अवको ३ वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिनुको साथै शैक्षिक सत्र सुरु गराउने लक्ष्य पनि राखियौ।

**स्वास्थ्य तर्फ**

- आमनागरीकलाई योगाभ्यास र शारीरिक ब्याम सहितको जीवन पद्धति अपनाउन प्रेरित गरिने छ ।
- प्राकृति मैत्री स्वच्छ जीवन प्रणली प्रवद्र्धन गरी नेपालीको रोग प्रतिरोधी क्षम्ता बृद्धि गर्ने निरोधात्मक कार्यक्रम संचालन गरिने छ । स्वास्थ्य सेवामा प्रतिरोधात्मक र उपचारात्मक विधि अबलम्बन गरिने छ ।
- मौलिक हकको रुपमा रहेको स्वास्थ्य  सेवालाई जनताको घरदैलोमा सरल र सुलभ रुपमा पहुच पुर्याउन आवश्यक पहल गरिनेछ ।
- स्वास्थ्य चौकी, गाउघर क्लिनिक खोप क्लिनिकको स्तरउन्नति गर्दै सेवा प्रवाहलाई चुस्त बनाइने छ ।
- ANC प्रविधि Check-up लाई प्रोत्सान गराइने वा चिकित्सक वा AHBA व्यवस्था गरिने छ ।
- महिलाहरुको पाठघर सम्बन्धी चेक अप को सम्बन्धी व्यवस्था गरिनेछ ।
- गर्भवती महिलालाई ऐमवुलेन्स सेवा निःशुल्क गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माणमा सुधार गरिनेछ र वडा नं. ३ सोनवर्षामा नयाँ स्वास्थ्य चौकी निर्माणका आवश्यक पहल तथा बजेट विनियोजन गरिनेछ । स्वास्थ्य सेवाहरु सर्वसुलभ एवम प्रभावकारी रुपमा संचालन गरिने छ साथैं गुणस्त्तरीय औषधी र स्वास्थ्य सामाग्रीहरुको सहज तथा प्रभावकारी आपूर्ति एवम् उपयोगलाई सुनिश्चित  गरिने छ ।
- यस गाउपालिका लाई पूर्ण खोप गाउपालिका घोषणा गरिने छ र बहुक्षेत्रिय पोषण योजना कार्यक्रम अनुसार कुपोषणलाई न्युनिकरण गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- मातृ शिशु स्वास्थ्य र हेरचाहमा संलग्न स्वयमसेविकाको उच्च मनोवल कायम राख्न आवश्यक प्रेरक तत्वको उपलब्धतामा जोड दिइनेछ ।
- गाउँपालिकाले सुरु गरेको विभिन्न पाँच किसिमका दिर्घ रोगी हरुलाई उपचार खर्च बापतको आर्थिक सहयोगलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका बिरामीलाई सहज रुपमा उपचार पाउन भन्ने उद्देश्यले एम्बुलेन्स सेवाको लागी आवश्यक पहल तथा विशेष जोड दिईनेछ ।
- गाउँपालिका भित्र रहेका सुत्केरी महिलाहरुलाई थप पोषण भत्ता उपलब्ध गराईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका सेवालाई थप प्रभावकारी वनाउन स्वयंसेविकाहरुको वृत्ती विकासका लागी  प्रोत्साहन स्वरुप भत्ता लगायत अन्य अत्यावश्यक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।
- नवजात शिशु,वालवालिका गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक नागरिकले कम्तिमा बर्षको एक पटक स्वास्थ्य परिक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमा उपचार गराउन सहजिकरण गरिने छ ।
- संघिय सरकारको सहभागितामा १० शैयाको अस्पताल स्थापना गर्ने महत्वपूर्ण कार्यलाई प्राथक्तिाको साथ कार्यावन्यन गरी अस्पतालको निर्माण कार्यलाई छिटै पूर्णता प्रदान गरिने छ ।

- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईने छ ।
- पाठे घर  खस्ने समस्या भएका महिलाहरुको लागि स्क्रीनिङ क्याम्प संचालनलाई निरन्तरता दिने छ ।
- मानसिक स्वास्थ्य समस्या भएका बिरामी तथा अभिभावकहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरी मनोसमाजिक परामर्श सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिने छ ।
- गर्भवती महिलाहरुलाई हरेक महिलाहरुलाई हरेक महिनामा गाइनोको चिकित्सक संग भिडियो एक्स्रे लगायतका कार्यमा जोड दिनेछ ।

**खानेपानी तथा सरसफाई**

- पानी नै प्राणी जगतको जीवनको आधार भएकोल पर्टेवा सुगौली  गाउँपालिकाका सबै वडाका जनतामा सहज पिउने पानी पुर्‍याउने नयाँ खानेपानी धारा जडान , पुराना आयोजनाको मर्मत संभार गरी नियमित गराउनुका साथै स्वच्छ पिउने पानीका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनमा विशेष ध्यान दिईनेछ ।
- सरसफाईको लागि मानिसहरुको वानी व्यहोरामा आमूल परिवर्तन गर्न यस गाउँपालिका क्षेत्र भरी नै जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पालिका भरिका पिउने पानी परिक्षण गरी जनताका जीवन रक्षा गर्ने प्रयास गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्रका मुख्य चोक बजार तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने अवधारणाको विकास गरिनेछ ।
- सार्वजनिक स्थलहरुमा फोहरजन्य वस्तुहरुको उचित व्यवस्थापनको लागी आवश्यक व्यवस्था गरिनेछ ।
- गाउँपालिका पूर्ण खुल्ला दिसामुक्त क्षेत्र घोषण भैसकेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन गाउँपालिका क्षेत्रभित्र पूर्ण सरसफाईको अभियान सञ्चालन गरिनेछ ।

**सांस्कृतिक प्रवद्र्धन तथा लैङ्गिक सामानता तथा सामाजिक सामावेशिकरण तर्फ**

- यस गाउपालिका भित्र मनाइने पर्वहरु जस्तै दशैं, तिहार, छठ, माघेसंक्रान्ती (खिचडी) इद बकरिद, घाटो, ब्रहम पुजा जस्ता बहुसंस्कृति प्रवद्र्धन गरिनेछ र थारु बहुलता भएकोले बृहत रुपमा मनाइएको  माघेसंक्रान्ती (खिचडी) पर्व र घाटोको लागि रकम समेत उपलब्ध गराइनेछ ।
- महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- एकल तथा दलित महिलाहरुको हित प्रवद्र्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ ।महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।सामाजिक कुरीतिको रुपमा रहेको वालविवाह, वहुविवाह, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरण गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण शिविर र सहायता सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ ।

- बाल संजाललाई व्यवस्था गर्न बालसंजाल कोष स्थापना गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका सवै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिक स्तरमा वालक्लव र वालसंजाल गठन पुनर्गठन लाई नियमित गरी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।
- बाल हेल्पलाइन संचालनको लागि कोष व्यवस्थापन गरिने छ ।
- सामाजिक सुरक्षा भत्ता पायक पर्ने नजिकको वैंक मार्फत् सम्बन्धित वडा कार्यालयको व्यवस्थापनमा वितरण गरी घर घर पुर्याउने व्यवस्थालाई प्रभावकारी वनाइनेछ ।
- गाउँपालिकाको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सृजना गर्ने, स्थानीय श्रोत साधनको अतिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिईनेछ । स्थानीय सहकारीहरुसंगको सहकार्यमा गरिबी न्यूनीकरण र समावेशी विकास गरी सामाजिक विभेद कम गर्दै लगिनेछ ।
- छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक वनाउन समुदाय तहसम्म अन्तघुलन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । जातीय भेदभाव,छुवाछुत सामाजिक अपराध भएकोले दण्डनीय वनाइनेछ ।
- बालश्रम मुक्त गाउँपालाका घोषणा गर्न आवश्यक मापदण्ड पुरा गरि २०८० सम्म बालश्रम मुक्त पालिका घोषणा गरिनेछ ।
- २०८० सालमा बालमैत्री गाउपालिका घोषण गर्न आवश्यक सुचकहरुलाई पुरा गरिनेछ।
- परम्परागत पेशा, सीप र प्रविधिमा आधारित व्यवसायलाई समावेशीकरण र आधुनिकीकरण गर्न प्रोत्साहन गरिनेछ ।यौनिक लैगिंक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणका लागि क्षमता अभिवृद्धि र आय आर्जनमा सहकार्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- दुव्र्यसनमा फसेका युवाहरुलाई लक्षित गरी लागु पदार्थ दुव्र्यसन, एच.आइ.भि.एड्स नियन्त्रण गर्न समुदाय तहमा सचेतीकरण कार्यक्रम संचालन गरिनेछ । दुव्र्यसनमुक्त समाज निर्माणका लागि सकारात्मक सोंच सम्वन्धी तालिमवाट स्वरोजगार र आत्म निर्भरता तर्फ अग्रसर गराइनेछ । समुदाय तहमा संचालन गरिने पुनस्थापना कार्यक्रममा सहकार्य गरिनेछ ।
- आर्थिक समाजिक लैङ्गिक अनुकुल शासन प्रणाली अवलम्बन गरी लैङ्गिक समतामूलक तथा समानतामा आधारित योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन र अनुगमन कार्यलाई प्रभावकारी बनाउँदै लगिने छ ।
- हिंसा पीडित, एकल महिला, जोखिममा परेका, अपाङ्ग बेसहारा महिलाहरुको अधिकार संरक्षण, प्रवद्र्धन र सामाजिक सुरक्षालाई निरन्तरता गरिनेछ ।
- बालबालिकाहरुको नेतृत्व विकास एंव व्यवस्थापकिय क्षमता अभिबृद्धि गरी सर्वाङ्गिण विकासको नीति लिइने छ ।
- समाजमा अग्रणी भूमिका निर्वाह गर्दे आएका जेष्ठ नागरिकहरु समाजका अग्रज र अमूल्य निधिहरु भएकाले उनीहरुको बाँकी जीवनयापनलाई अझ बढी सहज र सम्मानित एवम् मर्यादित बनाउन आवश्यक पहल गरिनेछ ।
- आदिवासी, जनजाति र उपेक्षित जातिहरुको उत्थानको लागि उनीहरुको सवलीकरण गर्ने र परम्परागत सीप, दक्षता र विशेषतामा आधारित कार्यक्रम संचालन गरिनेछ ।
- दलित बर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत शिपलाई आधुनिकिकरण गर्ने कार्यक्रमहरुमा जोड दिइनेछ । आयोजनाहरुमा लाभान्वित हुने दलित बर्गको सहभागिता सुनिश्चित गरिनेछ ।

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्राप्त पत्रानुसार यस पटेर्वा सुगौली गाउँपालिकामा पंजिकरण तथा सामाजिक सुरक्षा सेवा इकाईमा कार्यरत एम आइ एस अपरेटर तथा फिल्ड सहायकको एक चौमासिक बराबरको पारिश्रमिक स्थानीय तहबाटै व्यहोर्ने भएकाले यस गाउँपालिकाको बार्षिक बजेटमा समावेश गरिनेछ ।

**पूर्वाधार विकास**

**सडक, पुल**

- गाउपालिका.स्तरका सडकहरु निर्माण, संचालन र मर्मत संभार गर्ने कार्यलाई प्राथमिक्तामा राखी संचालन गरिनेछ ।
- सडक तथा पुल निर्माणलाई दिगो र गुणस्तरीय रुपमा निर्माण गरिने नीति लिइएकोछ । सडक निर्माण कार्य अन्तर्गत माटो पुर्ने कार्यलाई निरुत्साहित गर्दै पक्कि सडक निर्माण गरिनेछ ।क्रमागत र अधुरो सडक योजनाहरुलाई प्राथमिकता दिइने छ ।
- गाउँपालिका स्तरीय सडक ग्रेभल नाला तथा स(साना पूल, पुलेसा निर्माण कार्यलाई दातृसंस्थासंग समेत साझेदारी र सहकार्यमा अगाडि बढाइ बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन प्राथमिताका साथ कार्यक्रम संचालन गरिनेछ ।
- झोलुङ्गे पुल निर्माण कार्यलाई प्राथमिक्तमा राखी समपुरक कोषको ब्यवस्था गरिनेछ ।
- सडक बोर्ड निर्देशिका २०६१ बमोजिम निम्न अनुसारको बाटो चौडाई कायम गर्न जोड दिइने छ ।

  (क) गाउँपालिका भरिको मूल सडक ७.५ मिटर वा २५ फिटः मनिहार्वा देखि निचुटा हुदै सोनवर्षा सम्म र करबोला देखि रामभौरी भाथा सम्म

  (ख) गाउँपालिकाको दोस्रो बाटो र कृषि सडकको लागि ५ मिटर वा १६-१८ फिट

  (ग) बाटो ढलान गर्दा अनिवार्य नाला बनाउनुपर्ने छ ।

**ग्रामीण विद्युतीकरण तथा उर्जा विकास**

- .सहभागितात्मक योजना तर्जुमा प्रकृयाबाट माग भै आएका विद्युत सेवा नपुगेका वडाहरुमा विद्युत पु¥याउन सामुदायिक विद्युतीकरणलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्दै लगिनेछ ।
- .सुधारिएको चुल्हो, निर्माणमा जोड दिई घरभित्रको धुवा रहित गाउपालिकाको घोषणा गरी परम्परागत उर्जा माथिको निर्भरतालाई क्रमशः घटाउदै लगिनेछ ।
- गाउपालिका भित्र सोलर बत्ती जडानलाई प्राथमिक्ता दिइनेछ ।

**सिंचाई**

- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी साना – सिंचाई आयोजनाहरु संचालन गरिनेछ । . निर्माणाधिन सिंचाई योजनाहरुलाई प्राथमिकता दिइनुको साथै पुरानो योजनाहरुको मर्मत सम्भारमा समेत जोड दिइनेछ ।
- सिंचाई सुविधा बिस्तारको लागि डिप बोरिङ्ग र स्यालो टयूबेल जडान कार्यलाई भूमिगत जलश्रोत विकास परियोजना मार्फत अगाडि बढाइनेछ ।
- सम्पूर्ण खेती योग्य जमिनमाहरुमा सिंचाईको प्रबन्ध मिलाउने कोशिस गरिनेछ ।

**सुचना तथा सञ्चार**

- गाउँपालिका क्षेत्रभित्र सबैले सूचना तथा संचारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई प्रवद्र्धन गरिनेछ ।
- ठाउँ ठाउँमा संचार टावर स्थापना, टेलिफोन लाइन विस्तार तथा ब्रोडब्याण्ड इन्टरनेट विस्तारका लागि तत्काल सम्भाव्यता अध्ययन गरी सूचना तथा संचारको विकासका लागि ठोस कदम चालिनेछ ।
- सर्वसुलभ रुपमा फोन तथा इन्टरनेटको विस्तार र वितरणलाई व्यवस्थित गर्ने नीति लिइनेछ । स्थानीयस्तरमा स्वच्छ पत्रकारिता र पत्रकारिताको संस्थागत विकासको सहयोगी भूमिकामा राखिनेछ । यस गाउपालिका अन्तर्गत सामुदायिक FM संचालन गर्न पहल गरिने छ ।

**वन वातावरण तथा विपद ब्यवस्थापन**

- यस पटेर्वा सुगौली गाउपालिकामा आउन सक्ने प्राकृतिक तथा अप्राकृतिक विपद वाट सर्वसाधारणको जीउ ज्यान र सार्वजनिक निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न तथा राहत वितरण गर्न विपद व्यवस्थापन कोषको स्थापना गरी आवश्यक रकम विनियोजन गरिनेछ ।
- स्थानीय विपद् व्यवस्थापन समितिको गठन गरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनिकरण तयारीको कार्य गरिनेछ । विपद् न्यूनिकरणका लागि पूर्व सूचना प्रणाली सम्वन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेको भलुवाही खोला नदी नियन्त्रणका लागी वार्षिक बजेट योजनामा विनियोजन गरिनेछ साथै थप रकम मागको लागी केन्द« सरकार तथा प्रदेश सरकार सँग माग गरिनेछ ।
- ठूला आयोजनाहरु संचालन गर्दा अनिवार्य वातावरणीय प्रभाव मूल्यांकन (IEE, EIA) अध्ययन गरिनेछ ।
- यस गाउपालिका अन्तगत हरेक वडा तहमा एक हरित बाल उद्यान पार्क निमाण गरी सञ्चालनमा ल्याईने छ ।जलवायु अनुकुलन सम्वन्धि कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।
- सार्वजनिक जग्गाको संरक्षण वडा समिति र समुदायको सहभागितामा गरिनेछ ।
- यस गाउँपालिकालाई हराभरा बनाउन तथा जलवायु परिवर्तन अनुकुलनमा सहयोग पुर्याउन हरियो गाउँ (Green Village) को अवधारणा अवलम्बन गरिनेछ । उक्त नीति अुरुप बाझो पर्ती, खेतबारीमा बृक्षारोपण गर्न (Agroforestry) प्रवद्र्धन गर्न निशुल्क बिरुवा उपलब्ध गराइने तथा प्रोत्साहन समेत गरिनेछ ।
- वातावरण संरक्षण तथ जलवायु परिर्वतन अनुकुलन तर्फ अवश्यक कार्यक्रम वनाई संचालन गर्न वातावरण उर्जा तथा जलवायु परिर्वतन शाखा स्थापना गरिनेछ ।
- जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक योजना संचालन गरिनेछ ।
- चौराहवा बाध व्यवस्थीत गर्न GEO BAG व्यवस्थापन गरिनेछ ।
- पटेर्वा सुगौली गाउँपालिका भित्र रहेका वनको संरक्षण गर्न विशेष किसिमको योजना बनाइने छ ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

- पटेर्वा सुगौली गाउँपालिकालाई प्रविधी मैत्री गाउँपालिकाको रुपमा पहिचान गराउन प्रविधि मैत्री वातावरण को सृजना गरिनेछ।

- पटेर्वा सुगौली गाउपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीहरुका लागी  कर्मचारी कल्याण कोष खडा गरी थप व्यवस्थित र प्रभावकारीता ल्याउने निति लिइने छ ।
- पटेर्वा सुगौली  गाउँपालिकाको वित्तिय कारोवारलाई Computerized गरी थप व्यवस्थित गरिनेछ ।वडास्तरवाट संकलन हुने राजश्वलाई इन्टरनेट वा इन्टरानेटवाट गाउँपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गरी थप व्यवस्थित वनाइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई विभिन्न किसिमको तालिमहरु को संचालन गरि उच्च कोटीको प्रविधी अवलम्बन गर्ने निति लिईनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको प्रभावकारिता कायम गर्न विभिन्न किसिमका जनचेतना मुलक कार्यक्रमहरु गरिने निति ल्याईने छ।
- सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा गर्ने गरी सामाजिक परीक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडाक्षेत्रगत रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन तथा सम्पन्न गरिनेछ।
- आन्तरिक लेखा परीक्षण पद्धतिलाई प्रभावकारी वनाइने छ । वेरुजू हुन नदिने र फछ्र्यौटलाई व्यवस्थित गरिनेछ ।कार्यालयका सवारी साधन र अफिस उपकरणको मितव्ययी ढंगवाट परिचालन गरिनेछ ।
- पटेर्वा सुगौली  गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोध गाउँवासीहरुलाई मोवाइल एप्स मार्फत् हात हातमा उपलव्ध गराउने र गाउँवासीहरुको सुझाव सल्लाह ग्रहण गरी नागरिकको अभिमतलाई सम्मान गर्न शुरुवात गरिएको मोवाइल एप्सको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । मोवाइल एप्स प्रयोग संवन्धि जानकारीका लागि सवै वडा कार्यालयहरुमा डिजिटल जानकारी वोर्ड राख्रे व्यवस्था मिलाइनेछ।
- पटेर्वा सुगौली गाउँपालिकाको आधिकारिक वेभसाइटको नियमित अपडेट गरी नागरिकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित वनाउन अभिप्रेरित गरिनेछ ।
- सूचनामा पहुंच वृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई सूचना प्रविधिसंग संवन्धित तालिम अभिमुखीकरण संचालन गरिनेछ । गाउँपालिकामा  सूचना केन्द्र स्थापना गरी  थप व्यवस्थित र सुदृढ बनाइने छ ।
- गाउँपालिकाको भौगोलिक सूचना प्रणाली GIS अद्यावधिक गर्दै योजना तर्जुमा राजश्व परिचालन र योजनाकार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका अन्र्तगतका विद्यालय लगायत कार्यालयहरुमा विद्युतीय हाजिरीलाई सुरुवात गरी  सुशासन पारदर्शिता र जवाफदेहिता प्रवद्र्धनमा थप प्रभावकारिता ल्याइनेछ ।
- गाउँपालिकाको संस्थागत विकास, तथा सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यकतानुसार गाउँपालिकाको ऐन, नियमहरु, कार्यविधीहरु, निर्देशिकाशरु तर्जुमा तथा संसोधन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वढाउदै paperless कार्यालयको रुपमा विकास गर्दै लगिनेछ । गाउँपालिकावाट जनप्रतिनिधि र कर्मचारीलाई गरिने पत्राचारलाई निरुत्साहित गरी SMS प्राणालीलाई प्रभावकारी बनाईनेछ ।
- सेवाग्राही नागरिकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाइनेछ । साथै गाउँ कार्यपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित वनाइनेछ।
- पटेर्वा सुगौली गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त र दुरुस्त स्पमा सेवा प्रवाह गरी गराई  सहयोग पुर्याउने रास्ट्रसेवक कर्मचारीहरुलाई विभिन्न प्रोत्साहनका कार्यक्रम तथा  उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्र शान्ति सु-व्यवस्था कायम गर्न, सार्वजनिक सम्पत्तीको संरक्षण तथा रेखदेख गर्न, कुनै पनि किसिमका सम्प्रदायिक घटनालाई निरुत्साहित गर्न, चोरी निकासी तथा अवैध कालो बजारी नियन्त्रण गर्न र आम गाउँवासीहरुको स्वतन्त्रताको हकको सुनिस्चित गर्न नगर प्रहरीको व्यवस्था गर्न आवश्यक प्रक्रिया अघि बढाईनेछ ।
- नागरिक वडापत्रको प्रभावकारिता वृद्धि गर्न श्रव्य दृश्य ९बगमष्य ख्ष्कगब ि ऋष्तषशभल ऋजबचतभच०
- प्रविधिमा आधारित नागरिक वडापत्र तयार गरिनेछ । नागरिक वडापत्रलाई सबै तह, तप्का तथा वर्गको पहु“चमा पुर्याउने तर्फ आवश्यक कार्य गरिनेछ । सेवाग्राहीको सहयोग र कार्यालयवाट प्रवाह गरिने सेवालाई व्यवस्थित वनाउन जनप्रतिनिधि रहेको ज्भिउि म्भकप स्थापना गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहितको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ । स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- यस गाउपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई भौतिक पूर्वाधारमा जोड दिई कार्यलय ब्यवस्थित वनाई कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ ।
- जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाई भ्रष्टचारमुक्त र सुशासनयुक्त बनाइनेछ ।
- वडा कार्यालयबाट गरेका सार्वजनिक सेवाप्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ । गाउँपालिकाको सामाजिक तथा आर्थिक तथ्यांकहरु संकलन र अद्यावधिक गर्न तथा सूचना संजाल स्थापना गरी गाउँपालिका सूचना तथा अभिलेख केन्द्रलाई ब्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**वित्तिय ब्यवस्थापन र सुशासन**

- गाउपालिकाको क्रियाकलापलाई पारदर्शी, जवाफदेही, नियमित मितब्ययी बनाइनेछ । यसका लागि सामाजिक परिक्षण सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण विधिहरुको आवलम्बन गरिनेछ ।
- सेवाग्राहीलाई सुशासनको प्रत्याभुति दिलाउन कार्यालयहरुमा वडा नागरिकपत्रमा उल्लेखित समयको आधारमा सेवा प्रवाह गरिनेछ ।
- बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय बनाउँदै लगिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वचछ ,सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी , भष्ट्राचार मुक्त, जनउत्तरदायि र सहभागितामुलक बनाउँदै लगिनेछ ।

उपस्थित महानुभावहरु,

आ.ब.२०७८।०७९ मा पटेर्वा सुगौली गाउँपालिकाको आय विवरण प्रस्तुत गर्ने अनुमति माग्दछु । पटेर्वा सुगौली गाउँपालिकाको आ.ब.२०७८।०७९ को बजेट सीमा देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **स्रोत समूह** | **बजेटको स्रोत/तह** | **स्रोत** | **जम्मा बजेट सिमा** |
|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | १०१४००००० |
| २ | संघीय सरकार | नेपाल सरकार | शर्सत अनुदान | १४४८००००० |
| ३ | संघीय सरकार | नेपाल सरकार | विशेष अनुदान | २०८००००० |
| ४ | संघीय सरकार | राजस्व बाँडफाडँ | राजस्व बाँडफाडँ | ६७०४१००० |
| ५ | प्रदेश सरकार (प्रदेश नं.२) | प्रदेश सरकार (प्रदेश नं.२) | वितिय समानिकरण अनुदान | ६७३७००० |
| ६ | प्रदेश सरकार (प्रदेश नं.२) | प्रदेश सरकार (प्रदेश नं.२) | विशेष अनुदान | ३०००००० |
| ७ | प्रदेश सरकार (प्रदेश नं.२) | प्रदेश सरकार (प्रदेश नं.२) | समपुरक अनुदान | २०००००० |
| ८ | प्रदेश सरकार (प्रदेश नं.२) | प्रदेश सरकार (प्रदेश नं.२) | सवारी साधनको कर बाडफाड | ३१४८९१३.४ |
| ९ | आन्तरीक आम्दानी तथा अन्य आय तर्फ | आन्तरीक आम्दानी तथा अन्य आय तर्फ | आन्तरीक आम्दानी तथा अन्य आय तर्फ | २००००००० |
| **जम्मा रकम** | | | | ३६८९२६९१३.४ |

आदरणीय अध्यक्ष ज्यु,वडा अध्यक्ष ज्युहरु, कार्यपालिका तथा गाउँ सभाका सदस्य ज्युहरु र राष्ट्र सेवक कर्मचारी मित्रहरु सुरक्षा निकायका प्रत्रकार मित्र तथा सम्पूर्ण पटेर्वा सुगौली बासीहरुमा कृषि पर्यटन हरियाली वन, समृद्ध पटेर्वा सुगौलीको खुशियाली मन को नारालाई आत्मसाथ गर्न साथ सहयोगको अपेक्षा गर्दै आर्थिक बर्ष २०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम समापन गर्दछु ।

धन्यबाद ।

श्री ममता महतो (उपाध्यक्ष)
पटेर्वा सुगौली गाउँपालिका, पर्सा
ईति सम्बत २०७८ साल असार २४ गते रोज ५ रोज शुभम् ।